# पनौती नगरपालिका

## पनौतीको तेस्रो नगर सभाको निर्णय

पनौती नगरपालिकाको पूर्व निर्धारित कार्यसूचि अनुसार तेस्रो नगर सभा २०७५।०३।२७, २८ र २९ गते नगरपालिकाको सभा हलमा सम्पन्न भयो । प्रत्येक दिनका लागि निर्धारित कार्यसूचि बमोजिम बैठक प्रारम्भ गर्न आवश्यक गणपुरक संख्या पुगेको उपस्थिति विवरण समेत साथै छ, पहिलो दिनको बैठकको विधिवत प्रारम्भ पश्चात नगरपालिकाको आ.व. ०७५/७६ को नीति कार्यक्रम प्रमुखले प्रस्तुत गर्दा उप प्रमुख गीता बन्जाराले अध्यक्षता ग्रहण गर्नु भएको र तिनै दिनको बैठकको बाँकी कार्यसूची अनुसारको बैठकको अध्यक्षता प्रमुख श्री भीम न्यौपानेले गर्नु भई बैठकमा निर्णय भएका देहायका बिषयहरू (अनुसूची समेत) लगायत बैठकको उपस्थिति समेत प्रमाणित गरेको छु ।

पनौती नगरपालिकाको आ.ब. ०७५/७६ को लागि २०७५ साल आषाढ २७ देखि २९ सम्म भएको तेस्रो नगर सभाका निर्णयहरू

कार्यसूचिको प्रस्ताव नं. १ संग सम्बन्धित निर्णय

१. आर्थिक बर्ष ०७५/७६ को नीति कार्यक्रम समन्धमा पनौती नगरपालिकाको तेस्रो नगर सभामा नगर प्रमुख भीम न्यौपानेज्यूबाट नगरपालिकाको समग्र विकासका लागि आर्थिक बर्ष ०७५/७६ का लागि पेश भएको नीति तथा कार्यक्रमका सम्बन्धमा नगर सभासद श्री पुरूषोत्तम कर्माचार्य, मुकुन्द सापकोटा समेतले छलफलमा भाग लिई नीति तथा कार्यक्रम सम्बन्धमा भएको विस्तृत छलफल र नगर प्रमुख श्री भीम न्यौपानेज्यूबाट छलफलमा उठेका बिषयमा प्रस्तुत भएको जवाफ पश्चात उक्त प्रस्ताव स्वीकृतिको लागि नगर सभामा पेश गरिएकोमा सो प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

विस्तृत विवरण अनुसुची १ मा उल्लेख छ ।

कार्यसुचिको प्रस्ताव नं. २ संग सम्बन्धित निर्णय

२. अर्थ विद्येयक सम्बन्धमा

पनौती नगरपालिकाको तेस्रो नगर सभामा वडा अध्यक्ष श्री इश्वरराज जंगमबाट पेश भएको आर्थिक विद्येयक उक्त विद्येयक स्वीकृतिका लागि नगर सभा समक्ष पेश गरिएकोमा सो विद्येयक आवश्यक पुनरावलोकन गरी संलग्न अनुसूचि सहित सर्वसम्मतिबाट पारित गरियो ।

विस्तृत विवरण अनुसूची २ मा उल्लेख छ ।